## कार्यपालिका बैठक -२

मितिः- २०७८।०५।०४

### प्रस्ताव/निर्णयहरुः-

**प्रस्ताव नं. १-** गत बैठकका निर्णयको समिक्षा सम्वन्धमा ।

**निर्णय नं. १-** यस अघि बसेका कार्यपालिका बैठकहरुबाट निर्णय भइ कार्यान्वयन बाँकी रहेका विषयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २-** पदपूर्ति सम्वन्धमा ।

**निर्णय नं. २-** यस गाउँपालिकाको स्वीकृत दरवन्दी तेरिज अनुसार रिक्त रहेका प्राविधिक तर्फका पदहरुमध्ये तपसिलका पदहरुमा कर्मचारी पदपूर्तिका लागि विज्ञापन आव्हान गर्ने तथा हाल भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन इकाईमा कार्यालय सहयोगीको रुपमा कार्यरत सन्तोष तिवारीलाई सोहि इकाईको नापी फिल्ड सहयोगीको जिम्मेवारी दिने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | पद | तह | सेवा/समूह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | सब ईञ्जिनियर | सहायक पाँचौ | इञ्जिनियर/सिभिल | २ (दुई) | |
| २ | असिस्टेण्ट सब ईञ्जिनियर | सहायक चौथो | इञ्जिनियर/सिभिल | १ (एक) | |
| ३ | अ.न.मी. | सहायक चौथो | स्वास्थ्य/पब्लिक हेल्थ नर्सिङ्ग | २ (दुई) | |
| ४ | अ.हे.व. | सहायक चौथो | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ (एक) | |
| ५ | हेभी सवारी चालक (व्याक हो लोडरको लागि) | श्रेणी विहिन | - | १ (एक) | |
| ६ | एम्बुलेन्स चालक | श्रेणी विहिन | - | १ (एक) | |

**प्रस्ताव नं. ३-** शौचालय निर्माण सम्वन्धमा ।

**निर्णय नं. ३-** संघिय सरकारको विशेष अनुदान तर्फको पक्की शौचालय निर्माणका लागि प्रति शौचालयको प्राविधिक लागत अनुमान अनुसार प्रत्येक वडाबाट शौचालय निर्माणका लागि आवश्यक जग्गाको सुनिश्चितता सहित निवेदन माग गर्ने एकिन भएका आवेदन संख्या बमोजिम सम्वन्धित वडा समितिबाट छनौट गरी गाउँपालिकामा सिफारिस गरी पठाए बमोजिम ठेक्का प्रक्रियाबाट निर्माण कार्य अघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४-** वायो स्याण्ड फिल्टर वितरण सम्वन्धमा ।

**निर्णय नं. ४-** यस गाउँपालिकाबाट वितरण हुने वायोस्याण्ड फिल्टरका लागि सार्वजनिक सूचना आव्हान गरी इच्छुक गाउँपालिका निवासी नागरिकबाट प्राप्त निवेदन मध्ये प्राथमिकताका आधारमा छनौट गरी फिल्टर वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५-** राजकुलो मर्मत योजना निर्माण सम्वन्धमा ।

**निर्णय नं. ५-** लुम्बिनी प्रदेश सरकारको सशर्त अनुदान तर्फको राजकुलो मर्मत योजना निर्माणका लागि गाउँपालिका स्तरीय उपभोक्ता समिति गठन गरी सोहि समितिमार्फत निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६-** भस्कट उत्खनन सम्वन्धमा ।

**निर्णय नं. ६-** यस गाउँपालिका क्षेत्रभित्र पर्ने सुरई खोलाको उपयुक्त स्थानबाट भस्कट उत्खनन गरी कृष्णनगर, कपिलवस्तुमा निर्माण हुन लागेको होल्डिङ्ग सेन्टरका लागि उपलब्ध गराउन अनुमतिका लागि जिल्ला प्रशासन कार्यालय कपिलवस्तुलाई सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७-** जस्तापाता खरिद सम्बन्धमा

**निर्णय नं. ७-** गाउँपालिका बाट आर्थिक वर्ष २०७८/०७९ मा जस्तापाता खरिदका लागी छुट्टाइएको रकम बाट तत्कालको आवश्यकता पुरा गर्न छिटो प्रक्रियाबाट रु.५०००००।- (पाँच लाख) सम्मको जस्तापाता खरिदका लागी प्रमुख प्रशासकिय अधिकृतलाई जिम्मेवारी दिने बाकी रकमको जस्तापाता खरिदको लागी टेन्डर प्रकृयाबाट गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८-** आर्थिक सहायता सम्वन्धमा।

**निर्णय नं. ८-** निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिलः-**

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | होतीराम लोहार | विजयनगर-४, शंकरपुर | औषधोपचार | रु. २०,०००।- ( विस हजार मात्र) | विपन्न नागरिक उपचार उद्धार तथा सहयोग कार्यक्रम | |
| २ | रमिता सारु थापा | विजयनगर-४, इमलिखर्क | | रु. १०,०००।- ( दश हजार मात्र) | | |
| ३ | राम कैलाश कोरी | विजयनगर-३, पत्थरदेइया | | रु. ११,०००।- ( एघार हजार मात्र) | | |
| ४ | मोहन दर्जी | विजयनगर-५, देवीपुर | | रु. ५,०००।- ( पाँच हजार मात्र) | | |
| ५ | फुलचन्द यादव | विजयनगर-७, लालपुर | | रु. १५,०००।- ( पन्ध्र हजार मात्र) | | |
| ६ | विस्वनाथ कलवार | विजयनगर-१, गुगौली | | रु. १०,०००।- ( दश हजार मात्र) | | |
| ७ | श्री जनज्योती आधारभुत विद्यालय शंकरपुर | विजयनगर-४, शंकरपुर | खानेपानी जडान | प्राविधिक लागत अनुमान अनुसारको रकम | शिक्षा शाखाबाट सम्वन्धित शिर्षकमा विनियोजित रकम मध्येबाट | |
| ८ | मदरशा अहिले सुन्नत फैजे गौसिया प्रा.वि. | विजयनगर-५, पिपरी | मोहर्रम को अवसरमा जलसा कार्यक्रम | रु. ४०,०००।- (चालिस हजार मात्र) | सांस्कृतिक कार्यक्रम शिर्षक | |
| ९ | ईलाका प्रहरी कार्यालय कृष्णनगर | कृष्णनगर ना.पा. | गाडी मर्मत | रु.५०,०००।- (पच्चस हजार मात्र) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| १० | त्रिवेनी कोरी (वडा सदस्य) | विजयनगर- १ गुगौलि | मन्दिर मर्मत | रु. १,५०,००० (एक लाख पच्चर हजार मात्र ) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |